# कामना सेवा विकास बैंक लि.
# Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालयः** पोखरा लेखनाथ-८, सृजनाचोक, कास्की

फोन : ०६१-५३९६७२, ५३९६७३ फ्याक्स : ०६१-५३७४९९


## आन्तरिक निर्माण एवम् सजावट कार्यको लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति २०७४/१०/२९

यस कामना सेवा विकास बैंक लिमिटेडले निम्न स्थानहरुमा शाखा कार्यालय स्थापना गर्न लागेको हुंदा सोको आन्तरिक निर्माण एवम् सजावट गर्नुपर्ने भएकोले इच्छुक नेपाल सरकारबाट मान्यताप्राप्त, कालोसूचीमा नपरेका फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालय समयभित्र निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**काम गर्नुपर्ने स्थानहरु :**

(१) मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं. ४, पारिजात रोड
(२) लमजुङ्ग जिल्ला, बेसीसहर नगरपालिका, वडा नं. ८, भिमसेन चोक
(३) बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १, धम्वोजी, कोहलपुर सडक
(४) कञ्चनपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं. १८, क्याम्पसरोड, महेन्द्रनगर
(५) कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका वडा नं. २, रातोपुल
(६) कपिलवस्तु जिल्ला, शिवराज नगरपालिका, वडा नं. ५, चन्द्रौटा बजार
(७) सुर्खेत जिल्ला, विरेन्द्रनगर नगरपालिका वडा नं. ६, नेताचोक, बीचबजार
(८) पर्सा जिल्ला, विरगंज महानगरपालिका वडा नं. १०, आर्दशनगर

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) बुझाई (पछि फिर्ता नहुने गरी) यस बैंकको केन्द्रीय कार्यालय, पोखरा लेखनाथ-८, सृजनाचोकबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । साथै बैंकको वेभसाइट www.kamanasewabank.com बाट समेत प्राप्त गर्न सकिनेछ र बोलपत्र बापत लाग्ने शुल्क बोलपत्र पेश गर्दा संगै बुझाउनु पर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र फारम मिति २०७४ साल फाल्गुन १४ गतेभित्र कार्यालय समयमा आवश्यक सम्पूर्ण कागजात संलग्न गरी गोप्य सिलबन्दी गरी पेश गर्नुपर्नेछ । साथै पेश गरेको गोप्य सिलबन्दी बोलपत्रको खामको बाहिर फर्म/कम्पनीको नाम, ठेगाना, फोन नम्बर र प्रयोजन स्पष्ट लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्र पेश गर्दा बैंकले तयार गरि दिएको आधिकारीक फारममार्फत दरभाउ लेखि पेश गर्नुपर्नेछ र फरक पर्न गएमा बोलपत्र स्वतः अयोग्य हुनेछ । फारम भर्दा प्रत्येक कार्यको लागि छुट्टाछुट्टै दरभाउ तोकी आफुले के कति रकममा सो काम गर्न सक्ने हो सोको अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दरभाउ मान्य हुनेछ र केरमेट भएको ठाँउमा सहिछाप गरेको हुनुपर्नेछ ।
४. बोलपत्र फारमसाथ आफुले कबुल गरेको रकमको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकमा नगदै जम्मा गर्नुपर्ने छ वा सो बराबरको बैंक ग्यारेन्टी (बिडवण्ड) पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्न इच्छुक फर्म कम्पनीसंग बैंक तथा वित्तीय संस्थाहरुको शाखा कार्यालयहरु निर्माण गरेको अनुभव हुनुपर्नेछ ।
६. बोलपत्र स्वीकृत भई सम्झौता भएको मितिले ४५ दिनभित्रमा निर्माण कार्य सम्पन्न गर्ने प्रत्याभुति र बोलपत्रमा निर्माण पछिको सेवा वारेण्टी तथा ग्यारेण्टी समेत उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्रसाथ निम्न कागजात संलग्न गर्नुपर्नेछ ।
   - फर्म/कम्पनीका तर्फबाट आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि ।
   - फर्म/कम्पनीको निर्णय उतार प्रतिलिपि र अख्तियारनामा ।
   - अद्यावधिक फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
   - स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
   - करचूक्ता प्रमाणपत्रको प्रतिलिपि ।
   - फर्म/कम्पनीको संक्षिप्त परिचय तथा कम्तिमा एक (१) वर्षको कार्य अनुभव (Profile)
   - नेपाल सरकारको अन्य निकायबाट थप स्वीकृति लिनुपर्ने भएमा सो समेत ।
८. रीत नपुगेको तथा समय गुजारी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
९. गोप्य सिलबन्दी बोलपत्र, २०७४ साल फाल्गुन १५ गते (सो दिन सार्वजनिक बिदा परेमा बिदापश्चात कार्यालय खुलेको दिन) बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहबरमा बैंकको केन्द्रीय कार्यालय, पोखरा लेखनाथ-०८, सृजनाचोकमा दिनको १:०० बजे खोलिनेछ । तर बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
१०. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।